जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ३८ पृष्ठः ४ | २०८३ जेठ १४ बिहीबार (Thursday 28 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मधेशका नवनियुक्त शिक्षामन्त्री सिंहको प्राथमिकता : शैक्षिक गुणस्तर सुधार, साक्षरता दर वृद्धि




**सुरेश राय**

सिरहा, १३ जेठ। मधेश प्रदेश सरकारका नवनियुक्त शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले शिक्षा क्षेत्र सुधार गर्दै साक्षरता दर वृद्धि आफ्नो पहिलो प्राथमिकता हुने बताएका छन्। मंगलबार पदभार ग्रहणपछि मन्त्री सिंहले आफ्ना योजना र प्राथमिकताबारे जानकारी दिएका हुन्। मधेश प्रदेश शिक्षा तथा साक्षरताको क्षेत्रमा अन्य प्रदेशको तुलनामा पछाडि रहेको उल्लेख गर्दै उनले विद्यालय शिक्षा, विद्यार्थी पहुँच र शैक्षिक गुणस्तर सुधारमा विशेष ध्यान दिइने बताए।

'मधेश प्रदेशलाई शिक्षाको क्षेत्रमा माथि उठाउनु अहिलेको आवश्यकता हो। साक्षरता दर वृद्धि गर्दै गुणस्तरीय शिक्षाको पहुँच गाउँ-गाउँसम्म पुऱ्याउने गरी काम अघि बढाइने छ,' मन्त्री सिंहले भने। २०७८ सालको जनगणना अनुसार मधेश प्रदेशमा साक्षरता दर ६३.५ प्रतिशत छ। बागमतीको सबैभन्दा धेरै ८२.१ प्रतिशत छ। मन्त्री सिंहले शिक्षा क्षेत्र सुधारसँगै भाषा, कला तथा सांस्कृतिक संरक्षणका कार्यक्रमलाई समेत प्रभावकारी रूपमा अघि बढाउने योजना रहेको सुनाए।

मुख्यमन्त्री कृष्णप्रसाद यादवको सिफारिसमा प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले सिंहलाई शिक्षा तथा संस्कृति मन्त्री पदमा नियुक्त गरेका हुन्। सिंह सिरहा क्षेत्र नं. ३ बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए। उनले मंगलबार नै मन्त्री पदको शपथ ग्रहण गर्दै मन्त्रालयको जिम्मेवारी समेत सम्हालिसकेका छन्।

## बरियारपट्टी छोटी भन्सार हटाउने निर्णयविरुद्ध प्रधानमन्त्रीको पुत्ला दहन



सिरहा, १३ जेठ। सिरहाको बरियारपट्टीस्थित छोटी भन्सार कार्यालय हटाउने निर्णयविरुद्ध आन्दोलित भएका नागरिकहरूले मसाल जुलुससहित प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)को पुत्ला दहन गरेका छन्। सरकारी निर्णयविरुद्ध सडक आन्दोलन गरिरहेका स्थानीयवासी र व्यवसायीहरूले भन्सार पुनःस्थापनाको माग गरिरहेका छन्। प्रदर्शनका क्रममा उनीहरूले प्रधानमन्त्रीविरुद्ध नाराबाजीसमेत

## सिरहामा शासकीय सुधार संवाद : सुशासन र पारदर्शितामा जोड

सिरहा, १३ जेठ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा सिरहामा 'शासकीय सुधार संवाद शृंखला-१०' कार्यक्रम सम्पन्न भएको छ। स्थानीयस्तरमा सुशासन प्रवर्द्धन, प्रशासनिक सेवा प्रवाहमा सुधार र नागरिकका गुनासा प्रत्यक्ष सुन्ने उद्देश्यले सिंहदरबारको उच्चस्तरीय टोलीले सिरहाका सरोकारवालाहरूसँग विशेष संवाद गरेको हो।


प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय सुधार महाशाखाका प्रमुख एवं सहसचिव डा. भीष्मकुमार भुसालले जनताको गुनासो सुन्ने संयन्त्र 'हेल्लो सरकार' को पहुँचलाई अब स्थानीयस्तरसम्मै विस्तार गर्ने योजना रहेको सुनाए। उनले प्राप्त हुने वास्तविक गुनासाहरूको सूक्ष्म अध्ययन गरी सरकारी सेवालाई पारदर्शी र सूचनाको पहुँचलाई सहज बनाइने प्रतिबद्धता व्यक्त गरे। "भ्रष्टाचार निर्मूल गर्न असम्भव छैन, तर यसका लागि सबैले आ-आफ्नो ठाउँबाट सामूहिक अठोट र दृढ प्रतिबद्धता देखाउनु आवश्यक छ," सहसचिव डा. भुसालले भने। उनले नागरिकलाई दिइने सेवामा ढिलासुस्ती नगर्न र आफ्नो कार्यशैलीमा सुधार ल्याउन मातहतका कर्मचारीहरूलाई निर्देशन दिए।

संवादका क्रममा सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले तीनै तहका सरकारको प्रशासनिक परीक्षण हुन नसक्दा विभिन्न विकृतिहरू मौलाउँदै गएको औँल्याउनुभयो। समस्याग्रस्त देखिएका स्थानीय निकायहरूलाई थप कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिँदै

**-बाँकी दुई पेजमा**

कम विषादी, राम्रो बाली, स्वस्थ रहोस् हाम्रो थाली। सजग किसान, सहि पहिचान, प्राकृतिक-अर्ग्यानिक खेती नै महान।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**अवैध चोरी निकासी नियन्त्रण गरौं**

- गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

**आर्थिक सुशासन कायम गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

[redacted]

### सिरहामा शासकीय ...

प्रजिअ पौडेलले स्थायी जनशक्तिको उचित व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह गम्भीर रूपमा प्रभावित भइरहेको बताए। साथै उनले बदलिँदो समयअनुसार सामाजिक सञ्जाल व्यवस्थापनका लागि ठोस नीतिको आवश्यकता रहेको, डिजिटल कारोबारलाई प्रोत्साहन गर्नुपर्ने र जिल्लामा बर्सेनि देखिने नदीजन्य पदार्थको उत्खननसम्बन्धी विवाद समाधानका लागि स्पष्ट निर्देशिका आवश्यक रहेकामा जोड दिए।

कार्यक्रममा सहभागी स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरूले तल्लो तहमा कर्मचारी व्यवस्थापनको गम्भीर समस्या रहेको बताउँदै संघीय सरकारले तत्काल कर्मचारी व्यवस्थापनमा जोड दिनुपर्ने बताए। स्थायी कर्मचारीको अभावमा स्थानीय सरकारका योजना र दैनिक प्रशासनिक कामहरू प्रभावित भइरहेको उनीहरूको गुनासो थियो। संवाद कार्यक्रममा जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रमुखहरू, नेपाल उद्योग वाणिज्य संघका प्रतिनिधि, स्थानीय पालिकाका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज एवं स्थानीय सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो। सहभागीहरूले केन्द्रबाटै आएको उच्चस्तरीय टोलीसमक्ष जिल्लाको सुशासन, विकास निर्माणमा हुने ढिलासुस्ती र प्रशासनिक झन्झटका विषयमा आफ्ना सुझाव र गुनासाहरू राखेका थिए।

# शिक्षा पूर्वाधारमा स्थायी प्राविधिक संरचना किन ?

**डा. नारायण मरासिनी**

नेपालको विद्यालयदेखि विश्वविद्यालयसम्मको भौतिक पूर्वाधार विकास अझै पनि दीर्घकालीन योजना र संस्थागत प्राविधिक दक्षताविनै चलिरहेको छ। शिक्षा मन्त्रालयअन्तर्गत स्थायी र बलियो प्राविधिक संरचना नहुँदा पूर्वाधार निर्माणमा गम्भीर कमजोरी देखिएका छन्। नेपालमा विद्यालय शिक्षा, उच्च शिक्षा, आङ्गिक क्याम्पस, मेडिकल कलेज तथा प्राविधिक एवं व्यावसायिक तालिम केन्द्रहरूको भौतिक संरचना विकास आज राष्ट्रिय विकास, गुणस्तरीय शिक्षा र मानव पुँजी निर्माणसँग प्रत्यक्ष जोडिएको छ। शिक्षा पाठ्यपुस्तक र शिक्षकमा सीमित रहने अवस्था अब रहेन। आधुनिक सिकाइका लागि सुरक्षित, प्रविधिमैत्री, अनुसन्धानमुखी, समावेशी र बहुविपद प्रतिरोधी भौतिक पूर्वाधार अपरिहार्य भइसकेको छ।

विद्यालयदेखि विश्वविद्यालयसम्म, मेडिकल कलेजदेखि सीप विकास केन्द्रसम्मका संरचनाहरूले शिक्षाको गुणस्तर, सिकाइ वातावरण र विद्यार्थीको समग्र विकासमा प्रत्यक्ष प्रभाव पार्छन्। तर नेपालमा यति महत्त्वपूर्ण क्षेत्रको भौतिक संरचना विकास अझै पनि दीर्घकालीन योजना, प्राविधिक मापदण्ड र संस्थागत दक्षताको अभावमा सञ्चालन भइरहेको देखिन्छ। विशेषतः शिक्षा मन्त्रालयअन्तर्गत स्थायी, सक्षम र बलियो प्राविधिक संरचना नहुँदा शिक्षा पूर्वाधार विकासमा अनेकौं समस्या र कमजोरी देखिएका छन्। यही कारणले शिक्षा क्षेत्रभित्र समर्पित प्राविधिक संयन्त्र स्थापना गर्नु आजको प्राथमिक आवश्यकता हो।

नेपालको कुल जनसंख्यामध्ये करिब एक करोड नागरिक प्रत्यक्ष वा अप्रत्यक्षरूपमा शिक्षा क्षेत्रसँग जोडिएका छन्। कोही विद्यार्थीका रूपमा, कोही शिक्षकका रूपमा त कोही प्रशासनिक, व्यवस्थापकीय तथा प्राविधिक भूमिकामा। यसले शिक्षा क्षेत्र एउटा मन्त्रालय वा सेवा क्षेत्रको विषयमात्र नभई राष्ट्रको सामाजिक, आर्थिक र बौद्धिक भविष्य निर्माण गर्ने आधारभूत राष्ट्रिय प्रणाली हो भन्ने स्पष्ट गर्छ। त्यसैले शिक्षा क्षेत्रमा गरिने नीतिगत तथा संरचनागत निर्णयहरू अत्यन्त संवेदनशील र दूरगामी महत्त्वका हुन्छन्।

**ऐतिहासिक पृष्ठभूमि र प्राविधिक संरचनाको उतारचढाव**

नेपालमा शिक्षा प्रशासनको संस्थागत इतिहास विसं २०१५ सालमा शिक्षा विभागको स्थापनापछि सुरु भएको हो। यसले लामो समयसम्म देशको शिक्षा प्रशासन, नीति कार्यान्वयन तथा शैक्षिक व्यवस्थापनको प्रमुख निकायका रूपमा काम गर्‍यो। तर विसं २०२८ भदौमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भएपछि शिक्षा प्रणालीलाई नयाँ स्वरूप दिने उद्देश्यसहित शिक्षा विभाग विघटन गरियो।

समयक्रमसँगै शैक्षिक पूर्वाधार विकासको आवश्यकता तीव्ररूपमा बढ्दै गयो। विशेषगरी विसं २०४५ सालको भूकम्पपछि विद्यालय भवनहरूको कमजोर अवस्था उजागर भयो र राज्यले विद्यालय भौतिक संरचना विकासलाई परियोजना मोडेलमा अघि बढाउन थाल्यो। भवन निर्माण, मर्मत तथा विस्तार कार्यलाई व्यवस्थित बनाउन पुनः संस्थागत संरचनाको आवश्यकता महसुस गरियो। यसै सन्दर्भमा सरकारले विसं २०५६ जेठ ९ गते राजपत्रमा सूचना प्रकाशित गरी साबिकका परियोजनाहरूलाई निरन्तरता दिन र विद्यालयको शैक्षिक प्रणालीलाई अझ प्रभावकारी बनाउने उद्देश्यले तत्कालीन शिक्षा मन्त्रालय अन्तर्गत पुनः शिक्षा विभाग गठन गर्‍यो।

पुनर्गठित विभागअन्तर्गत भौतिक संरचना शाखा स्थापना गरियो र जिल्ला शिक्षा कार्यालयहरूमा इन्जिनियर तथा सबइन्जिनियरलगायतका प्राविधिक जनशक्तिको व्यवस्था गरियो। परिणामस्वरूप विद्यालय भवन निर्माण, डिजाइन, लागत अनुमान, गुणस्तर नियन्त्रण तथा अनुगमन व्यवस्थितरूपमा हुन थाल्यो। स्थानीय आवश्यकताअनुसार योजनाहरू निर्माण भए, प्राविधिक मापदण्ड लागु भए र विद्यालय पूर्वाधार विकासमा संस्थागत क्षमता निर्माण भयो। यो मोडेल दीर्घकालीनरूपमा संस्थागत पुँजी निर्माण गर्ने बलियो आधार बनेको थियो।

**संघीयतापछिका चुनौती र संस्थागत विस्मृति**

विसं २०७२ सालमा नयाँ संविधान लागु भएसँगै संघीय शासन प्रणाली कार्यान्वयनमा आयो। त्यसपश्चात विसं २०७५ साल जेठ ६ गते शिक्षा विभागलाई शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रसँग एकीकृत गरी 'शिक्षा तथा मानव स्रोत विकास केन्द्र' मा रूपान्तरण गरियो। यस पुनर्संरचनासँगै भौतिक संरचना शाखा विघटन भयो र प्राविधिक जनशक्तिका दरबन्दीहरू खारेज गरिए। यसले विद्यालय भौतिक विकासको क्षेत्रमा दशकौँदेखि निर्माण भएको संस्थागत स्मृति, अनुभव र प्राविधिक क्षमतालाई अचानक कमजोर बनाइदियो।

यो कमजोरी २०७२ सालपछिको पुनर्निर्माण प्रक्रियामा स्पष्टरूपमा देखिएको थियो। हजारौं विद्यालय भवनहरू क्षतिग्रस्त भएपछि पुनर्निर्माणका लागि छुट्टै अस्थायी 'केन्द्रीय आयोजना कार्यान्वयन इकाइ' मार्फत काम गर्नुपर्‍यो। शिक्षा क्षेत्रमा पहिलेकै बलियो र स्थायी प्राविधिक संरचना कायम रहेको भए पुनर्निर्माण कार्यलाई अझ छिटो, प्रभावकारी र संस्थागतरूपमा अघि बढाउन सकिन्थ्यो।

यसको प्रत्यक्ष असर राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विद्यालय क्षेत्र विकास योजना तथा विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयनमा देखियो। विद्यालय भवन निर्माणमा गुणस्तरको समस्या, लागत अनुमानको असमानता, अनुगमनमा कमजोरी, डिजाइन मापदण्डमा एकरूपताको अभाव तथा स्थानीय तहमा प्राविधिक क्षमताको कमी जस्ता समस्या बढ्दै गए। कतिपय स्थानमा बजेट खर्च भए पनि दिगो संरचना निर्माण हुन सकेनन्। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्ततः स्थगन गर्नुपरेको अवस्थाले पनि प्राविधिक संरचना अभावको गाम्भीर्य स्पष्ट पार्छ।

**एकीकृत राष्ट्रिय मापदण्डको अभाव**

हाल देखिएको सबैभन्दा ठूलो कमजोरी शिक्षा क्षेत्रका भौतिक संरचनामा एकीकृत राष्ट्रिय मापदण्डको अभाव हुनु हो। नेपालका विभिन्न जिल्लामा बनेका विद्यालय भवन, क्याम्पस वा तालिम केन्द्रहरू हेर्दा डिजाइन, गुणस्तर, सुरक्षा तथा उपयोगितामा अत्यधिक असमानता पाइन्छ। कतिपय भवनहरू 'निर्माण सम्पन्न' गर्ने उद्देश्यले बनाइएका छन् तर ती भवनले शिक्षण सिकाइको वास्तविक आवश्यकता पूरा गर्न सकिरहेका हुँदैनन्। धेरै विद्यालयमा प्राकृतिक प्रकाश, हावा, अपाङ्गमैत्री पहुँच, प्रयोगशाला, पुस्तकालय वा सुरक्षित खुला क्षेत्रको अभाव छ।

मेडिकल कलेज वा प्राविधिक तालिम केन्द्रमा आवश्यक पर्ने विशेष प्रयोगशाला, उपकरण जडान, बायोसेफ्टी प्रणाली, अक्सिजन तथा विद्युतीय प्रणालीजस्ता जटिल संरचनामा समेत प्राविधिक मापदण्डको पूर्ण पालना हुनसकेको छैन। शिक्षा मन्त्रालयअन्तर्गत स्थायी प्राविधिक निकाय स्थापना गरियो भने यस्ता सबै संरचनाका लागि राष्ट्रिय स्तरको डिजाइन मापदण्ड, निर्माण निर्देशिका तथा गुणस्तर प्रणाली विकास गर्न सकिन्छ।

**बहुविपद् जोखिम र सुरक्षित पूर्वाधार**

नेपाल बहुविपद् जोखिमयुक्त देश हो। भूकम्पसँगै बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ र जलवायु परिवर्तनजन्य विपद्हरूले शैक्षिक संस्थाहरूलाई निरन्तर जोखिममा पारिरहेका छन्। विसं २०७२ को विनाशकारी भूकम्प र त्यसपछिका विभिन्न प्राकृतिक विपद्ले शिक्षा पूर्वाधार निर्माणमा रहेका प्राविधिक कमजोरी, गुणस्तरहीन निर्माण र जोखिम संवेदनशील योजना अभावको गम्भीर परिणाम उजागर गरिसकेका छन्।

विपद्पछिको अवधिमा धेरै विद्यालय भवनहरू पुनर्निर्माण भए पनि अझै देशभरिका सबै शैक्षिक संस्थाहरूको संरचनात्मक सुरक्षा परीक्षण, रेट्रोफिटिङ तथा नियमित प्राविधिक अनुगमन व्यवस्थित रूपमा हुनसकेको छैन। धेरै पुराना क्याम्पस भवन, छात्रावास तथा प्रयोगशालाहरू अझै जोखिमयुक्त अवस्थामा छन्। यस्तो अवस्थामा शिक्षा मन्त्रालयसँग आफ्नै दक्ष सिभिल, संरचनात्मक, विपद् जोखिम व्यवस्थापन, भूकम्प इन्जिनियर तथा वास्तुविद्हरूको टोली हुनु अत्यावश्यक हुन्छ। स्थायी प्राविधिक संरचनाले मात्र जोखिम पहिचान, सुरक्षा परीक्षण, बहुविपद् प्रतिरोधी डिजाइन र आपत्कालीन पुनःस्थापनालाई संस्थागतरूपमा अघि बढाउन सक्छ।

परियोजना व्यवस्थापन र अनुगमन प्रणाली चुस्त नहुँदा धेरै शैक्षिक भवनहरू समयमै सम्पन्न नहुने, लागत अत्यधिक बढ्ने र प्रयोगविहीन संरचना बन्ने समस्या व्याप्त छ।

**उच्च, प्राविधिक र मेडिकल शिक्षाको विशिष्टता**

उच्च शिक्षा तथा मेडिकल शिक्षाको सन्दर्भमा प्राविधिक संरचनाको आवश्यकता झनै संवेदनशील हुन्छ। आधुनिक विश्वविद्यालय र मेडिकल कलेजहरू कक्षाकोठामात्र होइनन्। तिनमा अनुसन्धान प्रयोगशाला, सुपर स्पेसियलिटी अस्पताल, सिमुलेसन ल्याब, डिजिटल पुस्तकालय, डेटा सेन्टर, जैविक सुरक्षा प्रणाली र अत्याधुनिक उपकरण सञ्चालन हुने विशिष्ट संरचनाहरू आवश्यक पर्छन्।

यस्ता जटिल संरचनाको निर्माण र सञ्चालनका लागि सामान्य सिभिल इन्जिनियरमात्र पर्याप्त हुँदैनन्। आर्किटेक्ट, इलेक्ट्रिकल, मेकानिकल, बायोमेडिकल, आईसीटी तथा वातावरण इन्जिनियरहरूको बहुविषयक टोली आवश्यक हुन्छ। अहिले यस्तो विशेषज्ञता भएको जनशक्ति शिक्षा क्षेत्रभित्र संस्थागतरूपमा उपलब्ध छैन। परिणामस्वरूप हाम्रा धेरै संरचनाहरू अन्तर्राष्ट्रिय मापदण्डअनुसार विकसित हुन सकेका छैनन्।

**संविधानको मर्म र केन्द्रको नेतृत्वदायी भूमिका**

नेपालको संविधानले विद्यालय शिक्षालाई स्थानीय तहको एकल जिम्मेवारीका रूपमा मात्र नहेरी साझा दायित्वको रूपमा परिकल्पना गरेको छ। संविधानको अनुसूची ८ मा विद्यालय शिक्षा स्थानीय तहको कार्यक्षेत्रमा उल्लेख भए पनि, अनुसूची ९ मा शिक्षा क्षेत्रलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा समावेश गरिएको छ।

यसको मूल आशय कार्य स्थानीय तहबाट तर प्रणालीगत नेतृत्व र प्राविधिक मार्गदर्शन केन्द्रबाट भन्ने हो। विद्यालय स्थापना, निर्माण, सञ्चालन र मर्मतजस्ता कार्य स्थानीय तहले कार्यान्वयन गर्न सक्छन्। किनभने उनीहरू स्थानीय आवश्यकता र भौगोलिक अवस्थासँग प्रत्यक्ष परिचित हुन्छन्। तर विद्यालयको भौतिक पूर्वाधार

–बाँकी तीन पेजमा

### शिक्षा पूर्वाधारमा...

विकासजस्तो प्राविधिक, संवेदनशील र दीर्घकालीन प्रभाव पार्ने क्षेत्रमा राष्ट्रिय स्तरको नीति निर्माण, डिजाइन मापदण्ड निर्धारण, अनुसन्धान, गुणस्तर सुनिश्चितता, प्राविधिक अनुगमन र क्षमता विकासको जिम्मेवारी संघीय तहले लिनु अनिवार्य हुन्छ।

संघीयतासँगै संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको चुनौती पनि बढेको छ। फरकफरक मापदण्डको प्रयोगले राष्ट्रिय स्तरमा असमानता र दोहोरोपन सिर्जना गरिरहेको छ। शिक्षा मन्त्रालयअन्तर्गत केन्द्रीय प्राविधिक निकाय स्थापना गरियो भने यसले राष्ट्रिय मापदण्ड विकास, प्राविधिक समन्वय र अनुगमन प्रणालीलाई एकीकृत गर्न सक्छ। साथै, जीआईएस आधारित 'शिक्षा पूर्वाधार सूचना प्रणाली' निर्माण गरी देशभरिका शैक्षिक संस्थाहरूको अवस्था, जोखिम र लगानीको वास्तविक तथ्याङ्क व्यवस्थापन गर्न सहज हुनेछ।

अबको विश्वमा शिक्षा पूर्वाधारलाई 'स्मार्ट', 'हरित' र 'दिगो' बनाउने अवधारणा छ। ऊर्जा दक्ष भवन, सौर्य ऊर्जा, वर्षाको पानी संकलन, डिजिटल कक्षा र अपाङ्गमैत्री पहुँचलाई प्राथमिकता दिइँदैछ। नेपालले पनि अब भवनको संख्या बढाउने होइन भविष्योन्मुख शिक्षा पूर्वाधार विकासतर्फ पाइला चाल्नुपर्छ जसका लागि स्थायी प्राविधिक नेतृत्व अपरिहार्य छ।

**सरकारसँग आग्रह र निष्कर्ष**

शिक्षाजस्तो आधारभूत क्षेत्रमा गरिने निर्णयहरू हचुवाका भरमा नभई प्रमाणमा आधारित अध्ययन, विज्ञहरूको परामर्श र समावेशी संवादका आधारमा गरिनुपर्छ। सतही बुझाइ वा हतारमा गरिएका निर्णयहरूले दूरगामी नकारात्मक प्रभाव पार्न सक्छन्। सरकार आफैँले सक्रियरूपमा विषयविज्ञहरूलाई खोज्ने, सुन्ने र नीति निर्माण प्रक्रियामा समेट्ने संस्कारको विकास गर्न जरुरी छ। नेपालको भविष्य गुणस्तरीय शिक्षा र दक्ष मानव संसाधनमा निर्भर छ। अनि गुणस्तरीय शिक्षा सुरक्षित, आधुनिक र वैज्ञानिक भौतिक पूर्वाधारबिना सम्भव छैन। त्यसैले शिक्षा मन्त्रालयअन्तर्गत "शिक्षा पूर्वाधार तथा इन्जिनियरिङ विभाग" जस्तो संस्थागत संरचना स्थापना गरी स्थायी प्राविधिक 'क्याडर' विकास गर्नु आजको आवश्यकता हो।

नियमित भवन सुरक्षा अडिट, राष्ट्रिय डिजाइन कोड, हरित क्याम्पस नीति, गुणस्तर नियन्त्रण प्रयोगशाला तथा वैज्ञानिक परियोजना व्यवस्थापन प्रणालीको विकास अब प्रशासनिक रुचि होइन राष्ट्र निर्माणको प्राथमिक सर्त हो। आज गरिने सही नीतिगत निर्णयले नै भोलिको पुस्ताको सुरक्षित भविष्य तय गर्नेछ। ( जमिन तरलीकरणको जोखिम पहिचान तथा न्यूनीकरणमा विद्यावारिधि) बाह्रखरीबाट

# 'कि मलाई संसद्बाट निकाल, कि प्रधानमन्त्री बोलाऊ' : हर्कको चुनौतीमा सभामुख किन मौन ?

**दशरथ राई**

काठमाडौं, १३ जेठ। संसदीय इतिहासमा यस्ता दृश्य विरलै देखिन्छन्, जहाँ एकजना सांसदले सभामुखलाई नै 'कि मलाई संसद्बाट निकाल, कि प्रधानमन्त्रीलाई सदनमा बोलाऊ' भन्दै खुला चुनौती दिन्छन्। बुधबारको प्रतिनिधि सभा बैठकमा श्रम संस्कृति पार्टीका अध्यक्ष एवं सांसद हर्कराज राईले यही चुनौती दोहोर्‍याउनुभयो। तर, यो घटनाले सांसदको आक्रोश मात्र होइन, सभामुखको विशेषाधिकार र रूलिङ गर्ने क्षमतामाथि नै गम्भीर प्रश्न उठाइदिएको छ।



पटक–पटकको चेतावनीलाई सांसदले बेवास्ता गर्दा सभामुख डीपी अर्याल किन निरिह देखिनुभयो ? सभामुखले आफ्नो शक्ति प्रयोग गर्न नसक्नुभएको हो वा नचाहनुभएको हो ? बुधबारको प्रतिनिधिसभा बैठकमा श्रम संस्कृति पार्टीका अध्यक्ष एवं संसदीय दलका नेता हर्कराज राईले सदनमा प्रधानमन्त्रीको अनुपस्थितिलाई लिएर फेरि एकपटक प्रश्न उठाउनुभयो। उहाँले सभामुखलाई लक्षित गर्दै प्रधानमन्त्रीलाई सदनमा ल्याउन नसक्ने भए आफूलाई निष्कासन गर्न माग गर्नुभयो।

यति ठुलो चुनौती आउँदा र प्रधानमन्त्री बोलाउने विषयमा सदन तातिँदा पनि सभामुख अर्यालले प्रधानमन्त्रीको उपस्थितिका विषयमा कुनै रूलिङ गर्नुभएन। जसले सभामुखको पदीय अडान र सक्रियतामाथि प्रश्न उठाएको छ। आफ्नो कुरा राखेर राई सदनबाट बाहिरिँदै गर्दा सभामुखको निरिहता प्रकट भइरहेको थियो। मंगलबारको बैठकमा पनि सभामुख अर्याल आफूले प्रधानमन्त्री संसद्मा आउने मिति तोक्न नसक्ने बताइरहनुभएको थियो। प्रतिनिधि सभा नियमावली २०७९ ले सांसदहरूलाई अनुशासित बनाउन र सदन चलाउन सभामुखलाई बलियो अधिकार दिएको छ।

कार्यविधिको परिच्छेद ४ को बुँदा नम्बर २० मा सांसदहरूले बैठकमा पालना गर्नुपर्ने नियम उल्लेख छ। सभामुखले समय दिएपछि मात्र बोल्नुपर्ने र आसनको बीचबाट हिँड्न नहुने स्पष्ट व्यवस्था छ। बुँदा नम्बर २१ मा छलफलमा भाग लिने सदस्यले सभामुखको आलोचना गर्न नहुने, अशिष्ट, अपमानजनक वा असंसदीय शब्द प्रयोग गर्न नहुने र सदनको कार्यमा बाधा पार्ने मनसायले बोल्न नहुने भनिएको छ।

यो नियमावली विपरीत कार्य गरेमा सभामुखले बैठकमा आफ्नो विशेष अधिकार प्रयोग गर्न सक्छन्। परिच्छेद ६ को बुँदा नम्बर ३० ले सभामुखलाई सम्बन्धित सांसदलाई चेतावनी दिने अधिकार दिएको छ जुन अधिकारको प्रयोग गर्दै सभामुख अर्यालले सांसद राईलाई यसअघि नै चेतावनी दिइसक्नुभएको छ। यसैमा टेकेर बुँदा नम्बर ३१ अनुसार बैठक कक्षबाट निष्कासन गर्ने र बुँदा नम्बर ३२ अनुसार सदस्यलाई निलम्बन गर्नेसम्मको अधिकार सभामुखलाई हुन्छ। सचिवालयका अनुसार नियमावलीमा सम्बन्धित सांसदलाई सच्चिनका लागि सभामुखले मौका दिने व्यवस्था छ। तर, पटक–पटकको चेतावनी अटेर भएपछि सभामुखसँग अब कडा कदम चाल्नेबाहेक विकल्प नभएको जानकारहरु बताउँछन्।

नेपाली काङ्ग्रेसका नेता तथा पूर्व सांसद नारायण खड्काका अनुसार, पटक–पटक रूलिङ र चेतावनी दिँदा पनि सांसदले टेरेनन् भने सभामुखसँग अब निष्कासन वा निलम्बन गर्ने मात्र बाटो बाँकी रहन्छ। यता संघीय संसद् सचिवालय पनि सभामुखसँग रूलिङ गर्ने मात्र होइन, निष्कासन र निलम्बन गर्नेसम्मको विशेषाधिकार भएको पुष्टि गर्छ। यद्यपि, कारबाही परेका सदस्यले चित्तबुझ्दो सफाइ पेस गरेमा माफी दिई कारबाही फिर्ता लिन सक्ने प्रावधान पनि नियमावलीको बुँदा ३४ मा छ। तर, प्रधानमन्त्रीलाई संसद्मा उपस्थित भई सम्बोधन गर्न सभामुखले रूलिङ गर्न सक्नुभएको त छैन नै, तारन्तार चेतावनी दिए पनि सांसद निलम्बनको बाटोमा समेत सभामुख अघि बढ्न सक्नुभएको छ।

एक हिसाबले नियमावलीले नै सभामुखलाई दिएका अधिकारहरू भुत्ते भइरहेका छन्। बरु सत्तारूढ रास्वपाका महामन्त्री एवं प्रमुख सचेतक कविन्द्र बुर्लाकोटीले साता दिनभित्र प्रधानमन्त्री सदनमा उपस्थित हुने आश्वासन दिँदा सभामुखलाई राहत दिएको छ। तर, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भने प्रधानमन्त्री सरकारको सय दिनको काम र बजेट निर्माणमा व्यस्त रहेकाले सदनमा उपस्थिति न्यून भएको दाबी गर्छ। गत चैत २७ गते संघीय संसद्को संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम पेस गरेयता प्रधानमन्त्रीको उपस्थितिलाई लिएर प्रतिपक्षले लगातार मुद्दा उठाइरहेको छ।

सत्तापक्षले नियमावलीको नियम ३८ देखाउँदै प्रधानमन्त्रीको उपस्थिति अनिवार्य नभएको जिकिर गरिरहँदा सदनको काम दुई सातादेखि प्रभावकारी हुन सकेको छैन। नियमावलीको हतियार हातमा हुँदाहुँदै पनि सभामुखले न त सांसदलाई नियन्त्रणमा लिन सक्नुभएको छ, न सरकारलाई सदनप्रति उत्तरदायी बनाउन रूलिङ गर्न नै। यसले हरेकजसो बैठकमा सत्तापक्ष, सभामुख र विपक्षीहरुबीच तानातानको अवस्था बनिरहेको छ।

# क्यान्सर अस्पतालमा औषधि अभाव

चितवन, १३ जेठ। क्यान्सरको उपचार गर्ने नेपालकै ठूलो बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा क्यान्सरको औषधि अभाव भएको छ। विश्वव्यापी रूपमा प्रभावित भएका क्यान्सर उपचारका केही औषधि अस्पतालमा नै अभाव भएका हुन्। अस्पतालको मेडिकल अङ्कोलोजी विभागका प्रमुख डा गुरुशरण साहका अनुसार हाल विश्वव्यापी रूपमा क्यान्सर उपचारमा प्रयोग हुने महत्वपूर्ण औषधिहरूको अभाव देखिएको छ। बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पनि यसको प्रत्यक्ष असर परेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "औषधिको अभावले केमोथेरापीको प्रभावकारिता घट्ने मात्र नभई, बजारमा हुने अवैध ओसारपसार र गुणस्तरहीन औषधिको प्रयोगले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याइरहेको छ।"

हाल विशेषत: कार्बोप्लाटिन ९क्ञबचदयउबितष्लौ र सिसप्लाटिन ९क्ञष्कउबितष्लौ भन्ने औषधिको एकदमै अभाव देखिएको डा साहले बताउनुभयो। यो अभाव नेपालमा मात्र नभई विश्वव्यापी रूपमै रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "यसको मुख्य कारण यी औषधिहरू बनाउन आवश्यक पर्ने एपिआई अर्थात् मुख्य तत्वहरूको विश्वव्यापी आपूर्तिमा कमी आउनु हो। निकट भविष्यमा अक्सालोप्लाटिनको पनि अभाव हुन सक्ने देखिन्छ।" यी औषधिहरू क्यान्सरको केमोथेरापी योजना (प्लान) गर्दा एउटा मुख्य आधारका रूपमा प्रयोग हुने भन्दै डा. साहले भन्नुभयो, "यी औषधि बिना केमोथेरापीको रेजिम' पूरा हुँदैन र केमोथेरापीले देखाउनुपर्ने प्रभावकारितामा गम्भीर नकारात्मक असर परिरहेको छ।" यसले गर्दा बिरामीहरू गुणस्तरीय उपचारबाट वञ्चित हुनु परेको भन्दै उहाँले क्यान्सर निको हुने दरमा ह्रास आउन सक्ने चेतावनी दिनुभयो।

कतिपय बिरामीहरूले छिमेकी मुलुकबाट वा बाहिरका पसलहरूबाट औषधि ल्याइरहेको भन्दै उहाँले तर यस्ता औषधिहरू औषधि व्यवस्था विभागमा दर्ता नभएका, सिल तोडिएका र भन्सार छलेर ल्याइएका भेटिएको बताउनुभयो। डा साहले भन्नुभयो, "सबैभन्दा ठूलो जोखिम तापक्रमको छ। क्यान्सरका धेरैजसो औषधि २५ डिग्री सेन्टिग्रेडभन्दा मुनिको तापक्रममा राख्नुपर्छ। तर, चितवन जस्तो गर्मी ठाउँमा ३६–३७ डिग्रीको तापक्रममा झोलामा बोकेर ल्याइने औषधिको प्रभावकारिता न्यून हुन्छ, जसले फाइदाभन्दा बढी बेफाइदा पुर्‍याउन सक्छ।"

अस्पतालमा डे-केयर र वार्ड गरी दैनिक झण्डै २०० जना बिरामीले केमोथेरापी लिनुपर्ने भन्दै उहाँले कार्बोप्लाटिन र सिसप्लाटिन जस्ता मुख्य औषधिलाई अन्य औषधिले सहजै प्रतिस्थापन गर्न नमिल्ने बताउनुभयो। उहाँले भन्नुभयो, "औषधि नै नभएपछि हामीले उपचारमा केही सम्झौता गर्नुपर्ने बाध्यता छ, जसले उपचारको गुणस्तरमा असर पारिरहेको छ।"

उहाँले धेरैजसो औषधिहरू अस्पतालमा बीमामार्फत उपलब्ध गराउँदै आएको भए पनि केही बाहिरका औषधि पसलहरूले अभाव भएका औषधिहरू (कार्बोप्लाटिन, सिसप्लाटिन) दिनका लागि अन्य सबै औषधि पनि आफ्नै पसलबाट किन्नुपर्ने सर्त राख्ने गरेको पाइएको उहाँको भनाइ छ। डा साहले भन्नुभयो, "यो बिरामीको अधिकारको हनन हो र यसले बिरामीलाई अनावश्यक आर्थिक बोझ थपेको छ।" औषधि व्यवस्था विभाग र नेपाल सरकारले यस्तो अवैध ओसारपसार र बजारमा भइरहेको बेथितिको कडा अनुगमन गर्नुपर्ने उहाँको माग छ।

अस्पतालका निवर्तमान कार्यकारी निर्देशक डा शिवजी पौडेलले कार्बोप्लाटिन र सिसप्लाटिनको सप्लाई छ महिनाअघि नै बन्द भएको भन्दै अस्पतालमा सिसप्लाटिन तीन महिना अघिसम्म आधा बिरामीलाई पुग्ने स्टकमा भएको भएपनि त्यसपछि नरहेको जानकारी दिनुभयो। डा. पौडेलले भन्नुभयो, "कार्बोप्लाटिन जेठ २ गतेसम्मलाई पुग्ने हामीसँग स्टकमा थियो, त्यो पनि अहिले सकिएको छ।" आफूहरूले सप्लाई गर्ने कम्पनीले नै कच्चापदार्थका कारण देखाउँदै उत्पादन बन्द भएको पत्र आफूहरूलाई पठाएको उहाँको भनाइ छ।

हाल अर्को बङ्गलादेशी कम्पनीबाट केही सप्लायर्सले नेपालका लागि दुई/तीन महिनाका लागि पुग्ने औषधि आयात भएको भन्दै अब अस्पतालमा आउने अपेक्षा उहाँले गर्नुभयो। अस्पतालका निमित्त कार्यकारी निर्देशक डा उमेश नेपालले कार्बोप्लाटिन र सिसप्लाटिन आफूहरूकहाँ नरहेको बताउनुभयो। उहाँले यसबारेमा स्वास्थ्य मन्त्रालय जानकारी गराएको बताउँदै विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) लाई पनि पठाई दिन आग्रह गर्दै पत्राचार गरिएको बताउनुभयो। विभागमा बालबालिकाहरूका लागि नि:शुल्क प्रयोग गर्ने कार्बोप्लाटिन र सिसप्लाटिन रहेको भन्दै उक्त औषधि अन्य बिरामीलाई पनि प्रयोग गर्न दिन अनुमतिसहित पठाई दिन आग्रह गरिएको उहाँको भनाइ छ।

डा नेपालले भन्नुभयो, "बालबालिकाका लागि नि:शुल्क प्रयोग गर्ने यी औषधि नियर स्क्स्पायोरि (सेप्टेम्बर/अक्टुबर २०२६ सम्म औषधिको म्याद सकिने) रहेका छन्। ती औषधि अन्य बिरामीलाई समेत प्रयोग गर्न दिन अनुमति मागेका छौँ।" उहाँले छुट्टै परियोजनाअन्तर्गतका उक्त औषधि बालबालिकाबाहेक अन्य बिरामीलाई प्रयोग गर्न अनुमति चाहिने बताउनुभयो। आफूहरूसँग पनि यस्तो औषधि केही मात्रामा रहेको भन्दै स्वास्थ्य सेवा विभागमा पनि केही मात्रामा यी औषधि रहेको आफूलाई जानकारीमा आएको उहाँले बताउनुभयो। यी औषधि चलाउने अनुमतिसहित विभागले पठाएमा अरू बिरामीलाई पनि केही समयलाई उपलब्ध गराउन सकिने डा नेपालको भनाइ छ।

# जनकपुरधामको एक मात्र कभर्ड हल जीर्ण, जोखिममा खेलाडी




**लक्ष्मी चौधरी**

जनकपुरधाम, १३ जेठ। मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित एक मात्र कभर्ड हल जीर्ण अवस्थामा पुगेपछि खेलाडी तथा प्रशिक्षकहरूले चिन्ता व्यक्त गरेका छन्। "खेली मधेश, जिती मधेश" भन्ने मूल नारासहित हालै सुरु गरिएको प्रदेशस्तरीय खेलकुद प्रतियोगिता यही हलमा सञ्चालन भइरहेका बेला संरचनाको कमजोर अवस्थाले दुर्घटनाको जोखिम बढाएको हो।

गत साता मधेशका आठवटै जिल्लाका खेलाडीहरूको सहभागितामा प्रदेशस्तरीय खेल प्रतियोगिताको उद्घाटन यही हलमा गरिएको थियो। तर, हलको छत चुहिने, सिलिङ झर्ने तथा हावाहुरीका कारण संरचनामा थप क्षति पुगेपछि खेल गतिविधि जोखिमपूर्ण बनेको खेलाडीहले बताएका थिए। हालै यही हलमा कराते प्रतियोगिताको डेमो खेलसमेत सञ्चालन गरिएको थियो। खेलाडी र प्रशिक्षकहरूले कुनै पनि बेला छतको सिलिङ खस्न सक्ने अवस्था रहेको भन्दै तत्काल मर्मतको माग गरेका छन्। उहाँहरूका अनुसार हलको जीर्ण अवस्थाले खेलाडी घाइते हुने खतरा बढेको छ।

तत्कालीन सामाजिक विकासमन्त्री सुरिता कुमारी साहको कार्यकालमा हलको छत निर्माणका लागि २५ लाख रुपियाँ बजेट विनियोजन गरिएको थियो। तर, निर्माणकै क्रममा आएको हावाहुरीले छतमा थप क्षति पुऱ्याएको थियो। अहिले पनि हुरीबतास आउँदा संरचना झन् कमजोर बन्दै गएको क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डे 'गु'ले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यस्तो अवस्थामा प्रदेशको राजधानीमा खेल सञ्चालन हुनु दुर्भाग्यपूर्ण हो। जुनसुकै बेला दुर्घटना हुन सक्छ।"

मधेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी साह कानुले कभर्ड हल यसअघि राष्ट्रिय खेलकुद परिषद्को मातहतमा रहेकाले पुरानो अवस्थाबारे पूर्ण जानकारी नभएको बताउनुभयो। उहाँले प्रदेशमा पहिलो पटक परिषद् गठन भएको उल्लेख गर्दै चालु आर्थिक वर्षमै मर्मतसम्भारका लागि बजेट विनियोजन भइसकेको र ठेक्का प्रक्रिया समेत सम्पन्न भएको जानकारी दिनुभयो।

"अबको केही दिनभित्र हलको मर्मत भएको देख्नुहुनेछ," सदस्य सचिव कानुले भन्नुभयो। मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षमा १९ वटा खेलका लागि आठ जिल्लामा २ करोड ५५ लाख रुपियाँ खर्च गरेर विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरेको थियो। सयौँ खेलाडी सहभागी हुने प्रदेशकै प्रमुख खेल संरचनामध्ये एक जनकपुरधामको कभर्ड हल भने लामो समयदेखि उपेक्षामा परेको भन्दै खेलाडीले असन्तुष्टि जनाएका छन्।

# मानव अधिकार संरक्षणका लागि शिक्षा र स्वास्थ्य सुधार अपरिहार्य

जनकपुरधाम, १३ जेठ। राष्ट्रिय मानव अधिकार आयोगको मधेश प्रदेश कार्यालयले बुधबार २६औँ वार्षिक उत्सव समारोह आयोजना गरेको छ। कार्यक्रममा मानव अधिकार संरक्षणका लागि शिक्षा, स्वास्थ्य, सुशासन र न्याय प्रणालीलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको छ।

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले मानव अधिकारमैत्री बजेट तथा नीति निर्माणसँगै त्यसको प्रभावकारी कार्यान्वयन भए मात्र मानव अधिकारको सुनिश्चितता सम्भव हुने बताए। उनले मानव अधिकार आर्थिक तथा सामाजिक अधिकारसँग प्रत्यक्ष जोडिएको उल्लेख गर्दै नागरिकका आधारभूत आवश्यकता पूरा गर्नु राज्यको मुख्य दायित्व भएको धारणा राखे। कर्णले मधेश प्रदेशमा मानव अधिकारको अवस्था सुधार गर्न विशेषगरी शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सुधार आवश्यक रहेको बताए।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले सुशासनबिना मानव अधिकारको परिकल्पना गर्न नसकिने उल्लेख गर्दै राज्य सुशासन स्थापना गर्ने दिशामा केन्द्रित रहेको बताए। महिला मानव अधिकार रक्षक सञ्जाल धनुषाकी अध्यक्ष रेखा झाले मधेश प्रदेशका विभिन्न जिल्लामा महिलामाथि हिंसाका घटना बढ्दै गएको बताइन्। उनले पीडकलाई कानुनी कारबाही र पीडितलाई न्याय सुनिश्चित गर्न सके मात्र मानव अधिकारको प्रभावकारी संरक्षण हुने धारणा राखिन्।

एडभोकेसी फोरम मधेश प्रदेशका संयोजक अधिवक्ता राजकुमार महासेठले मानव अधिकार उल्लंघनका घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाही गर्न राज्य गम्भीर हुनुपर्ने बताए। राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयका प्रमुख बुद्धनारायण सहनीले प्रदेश कार्यालयमा हालसम्म ४३२ वटा उजुरी दर्ता भएको जानकारी दिए। तीमध्ये ७१ वटा उजुरीमा कारबाही प्रक्रिया पूरा गरी सक्कल फाइल आयोगको केन्द्रीय कार्यालय पठाइएको उनले बताए।

# उच्च शिक्षा अध्ययन गर्नेको संख्या १०.९ प्रतिशतले बढ्यो, धेरै विद्यार्थी त्रिविमा

काठमाडौं, १३ जेठ। नेपालमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या बढेको छ। बुधबार सरकारले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०८२/०८३ मा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्यामा वृद्धि भएको उल्लेख गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या ६ लाख ७२ हजार ४ सय ८९ रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा १०.९ प्रतिशतले वृद्धि भई ७ लाख ४५ हजार ७ सय ७० पुगेको छ।

उच्च शिक्षा अध्ययनरत कुल विद्यार्थीमध्ये व्यवस्थापन संकायमा अध्ययनरत विद्यार्थीको संख्या सबैभन्दा बढी ५०.५ प्रतिशत रहेको छ। कृषिमा अध्ययनरत विद्यार्थीको संख्या सवैभन्दा कम ०.१५ प्रतिशत छ। व्यवस्थापन, शिक्षाशास्त्र र मानविकी तथा समाजशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थी करिव ८०.० प्रतिशत रहेका छन्। सबैभन्दा धेरै विद्यार्थी त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत छन्। त्रिविको आङ्गिकमा ४७.९ प्रतिशत र सम्बन्धन प्राप्तमा २७.४ प्रतिशत गरी जम्मा ७५.३ प्रतिशत र अन्य विश्वविद्यालय तथा शैक्षिक संस्थामा २४.१ प्रतिशत विद्यार्थी अध्ययनरत छन्।

सरकारी लगानीको हिसाबले हेर्दा त्रिभुवन विश्वविद्यालयमा ६७.५ प्रतिशत र अन्य विश्वविद्यालय/कार्यक्रममा ३२.५ प्रतिशत सरकारी लगानी रहेको छ। नेपालमा २०८२ फागुनसम्म १५ केन्द्रीय र ६ प्रादेशिक विश्वविद्यालय गरी जम्मा २१ विश्वविद्यालयका साथै संघ अन्तर्गत ६ र प्रदेश अन्तर्गत २ स्वास्थ्य विज्ञान प्रतिष्ठान गरी ८ स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन्। संघीय अन्तर्गत १२ केन्द्रीय विश्वविद्यालय र प्रदेश अन्तर्गत ६ विश्वविद्यालय पूर्ण रूपमा सञ्चालनमा रहेका छन्। ३ केन्द्रीय विश्वविद्यालय हालसम्म सञ्चालनमा आउन सकेका छैनन्। २०८२ फागुनसम्म वैदेशिक सम्बन्धन प्राप्त क्याम्पसको संख्या ५७ पुगेको छ।

माटो राम्रो, बाली राम्रो, विषादी कम, सुरक्षित स्वास्थ्य
हाम्रो सन्तुलित प्राकृतिक खेती गरौं, सुरक्षित भविष्य बनाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

# छोरीले पाउने सुविधा गोदाममा थन्कियो

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १३ जेठ। मधेश प्रदेश सरकारद्वारा छात्रा शिक्षामा पहुँच विस्तार गर्ने उद्देश्यले साइकल वितरण गर्ने कार्यक्रम अलपत्र अवस्थामा छ। छात्राको शिक्षामा सुधार गर्ने उद्देश्यले सुरु गरिएको मुख्यमन्त्री 'बेटी पढाऊँ, बेटी बचाऊँ' अभियान अन्तर्गतको छात्राले पाउने साइकल गोदाममा थन्किएको छ।



कार्यक्रम अन्तर्गत खरिद गरिएका साढे पाँच हजारभन्दा बढी साइकल विगत पाँच वर्षदेखि गोदाममै थन्किएका छन्। प्रयोगविहीन अवस्थामा रहेका ती साइकलमा खिया लाग्न थालेको छ भने अधिकांशका टायरको हावासमेत फुस्किसकेको छ। छोरीहरूको विद्यालय पहुँच सहज बनाउने, बालविवाह तथा भ्रूणहत्या न्यूनीकरण गर्ने र छात्रा शिक्षामा उत्साह थप्ने लक्ष्यसहित सुरु गरिएको यो कार्यक्रम सुरुमा निकै लोकप्रिय बनेको थियो। ग्रामीण भेगका अभिभावक र छात्रामा विद्यालय जाने उत्साह बढेको थियो तर योजना सुरु भएको केही वर्षमै वितरण प्रक्रिया रोकिएपछि त्यो उत्साह अहिले निराशामा बदलिएको छ।

महोत्तरीको औरही नगरपालिकाकी कक्षा ९ मा अध्ययनरत मेनुकाकुमारी साह आफू कक्षा ८ मा पुगेपछि विद्यालयबाट नयाँ साइकल पाउने आशामा हुनुहुन्थ्यो। "साथीहरूले साइकल पाउँछन् भन्ने सुनेर म पनि निकै खुसी थिएँ," उहाँले भन्नुभयो, "तर म कक्षा ८ मा पुग्दा कार्यक्रम नै रोकिइसकेको थियो।" धनुषाको बटेश्वर गाउँपालिकास्थित शिवशक्ति माध्यमिक विद्यालयका छात्राको अवस्था पनि उस्तै छ। विद्यालय आउजाउ सहज हुने आशामा बसेका उनीहरू अहिले सरकारप्रति निराश बनेका छन्।

यो कार्यक्रम मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउत गद्दीको कार्यकालमा सुरु गरिएको थियो। २०७५ माघ १ देखि लागु गरिएको योजना अन्तर्गत सामुदायिक विद्यालयका कक्षा ८ मा अध्ययनरत छात्रालाई साइकल वितरण गर्ने लक्ष्य राखिएको थियो। लक्ष्य अनुसार साइकल वितरण कार्यक्रम लोकप्रिय बन्दै निरन्तरतासमेत पाएको थियो तर २०७८ असोज १३ गते साइकल खरिद प्रक्रियामा अनियमितता भएको आरोप लागेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा छापा मारेको थियो। त्यसपछि कार्यक्रमको वितरण प्रक्रिया नै रोकियो।

हाल जनकपुर चुरोट कारखानाको पुरानो गोदाममा साढे पाँच हजारभन्दा बढी साइकल प्रयोगविहीन अवस्थामा राखिएका छन्। लामो समयदेखि प्रयोग नहुँदा ती साइकल बिग्रँदै गएका छन्। यसले सरकारी बजेटको सदुपयोगमाथि गम्भीर प्रश्न उठाएको छ। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले साइकल वितरण गर्न सरकार इच्छुक भए पनि प्रशासनिक प्रक्रियामा अवरोध रहेको बताउनुभयो। "हामी साइकल वितरण गर्न चाहन्छौँ तर कर्मचारीले प्रक्रिया अघि बढाउन मानेका छैनन्," मुख्यमन्त्री यादवले भन्नुभयो, "कर्मचारीले बाटो देखाउने हो, हामीले काम गर्ने हो।"

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका प्रदेश सचिव एवं प्रवक्ता यमेन्द्र उपाध्यायले भने गोदाममा थन्किएका साइकलबारे आफूलाई स्पष्ट जानकारी नभएको प्रतिक्रिया दिनुभयो। "साइकल छ भन्ने सुनेको मात्रै छु। कति छन् र कहाँ छन् भन्ने जानकारी छैन," उहाँले भन्नुभयो, "जानकारी नभएको विषयमा प्रतिक्रिया दिन उचित हुँदैन।" शिक्षा विकास निर्देशनालयका निमित्त निर्देशक उद्धव राय यादवले आफू हालै जिम्मेवारीमा आएकाले कार्यक्रमबारे विस्तृत जानकारी नभएको बताउनुभयो। उहाँले यसअघिका निर्देशकसँग बुझ्न आग्रह गर्नुभयो।

'बेटी पढाऊँ, बेटी बचाऊँ' कार्यक्रमका तत्कालीन संयोजक प्रियङ्का यादवका अनुसार चार चरणमा ४२ हजार १४० थान साइकल खरिद गरिएको थियो। तीमध्ये ३५ हजार ३४० साइकल वितरण भइसकेका छन् भने बाँकी हजारौँ साइकल अझै गोदाममै थन्किएका छन्।

**अख्तियारको छानबिन**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनपछि कार्यक्रम सामाजिक विकास मन्त्रालय हुँदै शिक्षा विकास निर्देशनालयमा हस्तान्तरण गरिएको थियो तर जिम्मेवारी फेरिए पनि वितरण प्रक्रिया अझै अन्योलमै छ। स्थानीय अभिभावक तथा छात्राले सरकारको ढिलासुस्तीप्रति असन्तुष्टि जनाएका छन्। उहाँहरूका अनुसार साइकल वितरण भएको भए विद्यालय जान सहज हुने थियो र धेरै छात्राले पढाइलाई निरन्तरता दिन सक्ने थिए।

छोरीको शिक्षामा सुधार ल्याउने उद्देश्यले सुरु गरिएको महत्वाकांक्षी योजना कार्यान्वयनमै अल्झिँदा यसको प्रभावकारितामाथि गम्भीर प्रश्न उठ्न थालेको छ भने अहिले उक्त कार्यक्रमसमेत बन्द भएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)